☏ ०८२-५९०४३७, ०८२-५९०४३८

लुम्बिनी प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या:- २०८१/८२ मिति:२०८१/०४/१६ गते

चलानी नं.: ९६

लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

विषय: मार्गदर्शन सम्बन्धमा।

श्री सचिवज्यू,

सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय, लुम्बिनी प्रदेश।

प्रस्तुत विषयमा यस मन्त्रालयको च.नं. १६ मिति २०८१/०४/१३ गतेको पत्रबाट लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन मार्गदर्शन पठाइएको र उक्त मार्गदर्शनको क्र.सं. (घ) **बजेट खर्च, रकमान्तर, संशोधन तथा प्रतिवेदन**को बुँदा नं. १३ मा PLMBIS मा समावेश कुनै कार्यक्रमको नाम, ठेगाना जस्ता विषयमा सामान्य संशोधन गर्नुपर्ने भएमा उद्देश्य, मर्म र क्षेत्र परिवर्तन नहुने गरी सम्बन्धित क्षेत्रका निर्वाचित प्रदेश सभा सदस्यको सिफारिसमा आथिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई पौष मसान्तभित्र संशोधन गर्ने व्यवस्था कायम गरिएकोले सोही बमोजिम गर्नु/गराउनुहुन अनुरोध छ।

.....................

(रम बहादुर के.सी.)

सचिव

सचिव

☎ ०८२-५९०४३७

लुम्बिनी प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्याः- २०८१/८२ मितिः२०८१/०४/१३ गते

चलानी नं.: ९६

विषयः- आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन मार्गदर्शन।

प्रिय सहकारीज्यू,

आर्थिक वर्ष २०८१/८२ को लागि तहाँ मन्त्रालय/ आयोग/ सचिवालय/ कार्यालय र मातहतका निकायले गर्ने सेवा र कार्यको निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारका लागि प्रदेश विनियोजन ऐन, २०८१ प्रारम्भ भएको व्यहोरा यहाँलाई अवगत नै रहेको छ। उक्त ऐनको अनुसूची तथा व्यय अनुमानको विवरणमा उल्लिखित रकम खर्च गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ बमोजिम अधिकार प्राप्त अधिकारीले खर्च गर्न सक्ने व्यवस्था भएको हुँदा सो अनुसार प्रत्येक निकायका लागि विनियोजित रकमको प्रचलित कानून बमोजिम खर्च गर्ने, गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने लगायतका जिम्मेवारी बहन हुने विश्वास लिएको छु।

आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम समयमा नै कार्यान्वयनमा लैजाने र लक्ष्य अनुसार भौतिक एवम् वित्तीय प्रगति हासिल गर्ने उद्देश्य अनुरूप आफ्नो तथा मातहतका निकायका लागि संवत् २०८१ श्रावण मसान्तभित्र वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्नुहुनेछ। बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने कानूनको पुनरावलोकन गरी आवश्यक निर्देशिका, कार्यविधि तथा कार्यक्रम मार्गदर्शन तयार गरी आश्विन मसान्तभित्र स्वीकृत गर्नुहुनेछ। प्रचलित कानूनमा अवधि तोकेको हकमा सोहि अवधिभित्र र नतोकेको हकमा आश्विन मसान्तभित्र आयोजना तथा कार्यक्रमको प्रारम्भिक चरणका कार्यहरू (वातावरणीय अध्ययन, जग्गा प्राप्ति, खरिद कारबाहीको तयारी लगायत) सम्पन्न गर्नुहुनेछ। आर्थिक वर्ष २०८१/८२ को लागि बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धमा प्रचलित कानूनमा भएका व्यवस्थाको अनिवार्य रूपमा परिपालना गर्नु, गराउनु हुनेछ भन्ने विश्वासका साथ प्रदेश विनियोजन ऐन, २०८१ को दफा १० को उपदफा (४) बमोजिम बजेट कार्यान्वयन सम्बन्धमा यो मार्गदर्शन प्रेषित गरेको छु। आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनलाई प्रभावकारी तथा व्यवस्थित बनाउन देहाय बमोजिमको व्यवस्था हुनका लागि अनुरोध गर्दछु।

(क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँटः

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा विस्तृत रूपमा क्रियाकलाप उल्लेख गरी समावेश भएको कार्यक्रम नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले बजेट कार्यान्वयन गर्ने सम्बन्धित निकायलाई बजेट निकासा गर्नेछन्।

२. प्रदेश सरकारको स्रोतमा देखा परेको चापको कारणले गर्दा आ.व. २०८१/८२ मा रु. ५ लाख वा सो भन्दा बढीको स्वीकृत सबै कार्यक्रमहरु प्याकेजिङ गरी अनिवार्य रुपमा सार्वजनिक प्रतिष्पर्धा गराएर मात्र कार्यक्रम कार्यान्वयन गर्नु गराउनु हुनेछ ।

३. एक मन्त्रालय अन्तर्गत विनियोजित बजेट अर्को मन्त्रालय अन्तर्गतको निकायमार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा त्यस्तो निकायको सचिवले कार्यान्वयन गर्ने सम्बन्धित

सचिव

निकायको सचिवलाई त्यस्तो कार्यक्रम र बजेट विनियोजनको खर्च गर्ने अख्तियारी संवत् २०८१ साल आश्विन मसान्तभित्र प्रदान गरी सक्नुपर्नेछ र सो को जानकारी महालेखा परीक्षकको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्नेछ।

४. कुनै निकायलाई एकभन्दा बढी निकायमार्फत खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले संवत् २०८१ साल आश्विन मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई हासिल गर्नुपर्ने प्रतिफल तथा उपलब्धिसहित स्रोतगत बाँडफाँट गरी सोको जानकारी महालेखा परीक्षकको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्नेछ।

५. प्रशासनिक खर्च बाहेक प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा विस्तृत रूपमा क्रियाकलाप उल्लेख नभएको कार्यक्रमको हकमा विनियोजन भएको निकायले विस्तृत क्रियाकलाप खुलाई आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई प्रदेश सरकारबाट स्वीकृत गराई त्यस्ता विस्तृत क्रियाकलाप प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा संवत् २०८१ साल पौष मसान्तभित्र प्रविष्टी गरी कार्यान्वयन गर्नुहुनेछ।

६. बुँदा नं. (३) र (४) बमोजिम विनियोजन भएको रकम कुनै मनासिब कारणले सो अवधिभित्र बाँडफाँट गर्न नसकेमा त्यस्तो विनियोजन भएको निकायको प्रमुखले सोको कारण खुलाई संवत् २०८१ साल मंसिर मसान्तभित्र बाँडफाँटको लागि अनुरोध गरेमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता र औचित्य हेरी संवत् २०८१ साल पौष मसान्तभित्र बाँडफाँट गरिदिन सक्नेछ। सो समयावधिभित्र बाँडफाँट गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टी नभएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्नेछ।

७. चालु आर्थिक वर्षमा प्रदेश सरकारबाट सवारी साधन खरिद नगरिने व्यवस्था रहेको व्यहोरा अवगत नै छ। यदि बजेट तथा कार्यक्रममा सवारी साधन खरिदमा बजेट विनियोजन भएको भए अनिवार्य रूपमा यस मन्त्रालयको सहमति लिनुहुनेछ। साथै, उपलब्ध भएसम्म र भौगोलिक अनुकूलता समेतका आधारमा विद्युतीय सवारी साधन खरिद गर्ने प्रबन्ध गर्नुहुनेछ।

८. स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृति वा संशोधन नगर्ने/ नगराउने व्यवस्था अनिवार्य रूपमा पालना गर्नुहुनेछ। कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण गर्ने उद्देश्यले मन्त्रालय/ निकायको बजेट सीमाभित्रै हुने गरी स्रोत सुनिश्चितता दिइएका कार्यक्रम तथा आयोजनामा विनियोजित बजेटभन्दा थप दायित्व सिर्जना गर्ने र थप बजेट माग गर्ने कार्य गर्नुहुने छैन।

९. अबण्डामा रहेका अनुदानसँग सम्बन्धित कार्यक्रमको सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमती लिई आश्विन मसान्तभित्र कार्यविधि तयार गर्नुहुनेछ र सोसम्बन्धी सूचना कार्त्तिक मसान्तभित्र प्रकाशन गरी अनुदान प्राप्त गर्ने निकायको यकीन गरि सक्नुपर्नेछ।

(ख) <u>कार्यक्रम कार्यान्वयन कार्ययोजना:</u>

१. प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ बमोजिम आर्थिक वर्ष २०८०/८१ को प्रगति समीक्षा र आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेट कार्यक्रम कार्यान्वयन कार्ययोजनाको प्रस्तुति एवम् छलफल श्रावण मसान्तभित्र गर्ने गरी कार्यक्रम तय भएकोले आर्थिक वर्ष २०८०/८१ को

सचिव

प्रगति समीक्षाको लागि विवरण तयारीको साथै आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना समेत श्रावण २५ गतेभित्र तयार गर्नु/गराउनु हुन।

२. वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि तथा प्रारम्भिक चरणका कार्यहरू पूरा गर्न नपर्ने किसिमका आयोजना तथा कार्यक्रम आर्थिक वर्षको शुरुदेखि नै खरिदको तयारी गरी कार्यान्वयन गर्नुहुनेछ।

(ग) <u>बजेट निकासा तथा कार्यान्वयन:</u>

१. सार्वजनिक खरिद सम्बन्धी कार्य गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ लगायतका कानून अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु हुनेछ।

२. विभिन्न किसिमका कोष, अनुदान, सहायता, मागमा आधारित कार्यक्रम आदिमा विनियोजन भएको रकम कार्यविधि, निर्देशिका र मापदण्ड अनिवार्य रूपमा यस मन्त्रालयको सहमति लिई स्वीकृत गर्ने र कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३. आ.व. २०८०/८१ मा स्वीकृत कार्यक्रम तथा आयोजनामा विनियोजित रकमको परिधिभित्र रही सिर्जित दायित्व कुनै कारणवश भुक्तानी हुन नसकेको भएमा भुक्तानी दिन बाँकी खाता तथा कच्चाबारी म.ले.प.फा.नं. २२१ तयार गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णय बमोजिम हुने गरी खर्चको व्यवस्थापन मिलाउनुहुनेछ।

४. खर्च शीर्षक नं. २८९११ (भैपरी आउने चालु खर्च) र ३१५११ (भैपरी आउने पुँजीगत खर्च) मा विनियोजित बजेट यस मन्त्रालयबाट बाँडफाँट स्वीकृत गराई खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५. प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन गर्ने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको पूर्व सहमति लिई संवत् २०८१ साल पौष मसान्तभित्र सम्बन्धित मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई त्यस्तो स्थानीय तहले कार्यान्वयन गर्ने गरी वित्त हस्तान्तरण गर्नुपर्नेछ।

६. प्रचलित कानून बमोजिम प्रदेश सरकार अन्तर्गत स्थापना वा गठन भएका बोर्ड, समिति, प्रतिष्ठान, आयोग, परिषद् वा यस्तै प्रकृतिका अन्य संस्थाले प्रदेश सरकारबाट प्राप्त जुनसुकै प्रकृतिको अनुदान प्रदेश सरकारको कार्यसञ्चालन कोष (विविध) खाताबाट खर्च गर्दै आएको भए सोहि आर्थिक वर्षभित्र खर्च हुन नसकी त्यस्तो खातामा बाँकी रहेको रकम आषाढ मसान्तभित्र प्रदेश सरकारलाई फिर्ता गर्नुपर्नेछ।

७. स्वीकृत भएका बहुवर्षीय आयोजनाहरू निरन्तर कार्यान्वयन गर्नुहुनेछ। आर्थिक वर्ष २०८१/८२ को वार्षिक विकास कार्यक्रममा स्वीकृत कुनै आयोजना बहुवर्षीय आयोजनाको रूपमा कार्यान्वयन गर्नुपर्ने भएमा हाल कार्यान्वयनमा रहेको प्रदेशका आयोजनाको बहुवर्षीय ठेक्का सहमती सम्बन्धी मापदण्ड, २०८० परिमार्जन गरी स्रोतको सुनिश्चितता प्रदान गरिनेछ।

८. प्रदेश विनियोजन ऐन, २०८१ को दफा ७ बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन गर्ने गरी विनियोजन भएको पुँजीगततर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकायमार्फत् कार्यान्वयन गर्नुपर्ने भएमा सोहि दफा र संघीय विनियोजन ऐनमा व्यवस्था भए बमोजिमको कार्यविधि पालना गरी यस मन्त्रालयको पूर्व स्वीकृति लिनु हुनेछ।

सचिव

९. प्रदेश अन्तर्गत विभिन्न निकायबाट सञ्चालन हुने तालिम, गोष्ठी, सेमीनार, अन्तर्क्रिया आदि सञ्चालन गर्दा निकायहरूसँग समन्वय गरी दोहोरो नपर्ने गरी प्रदेश सरकारबाट स्वीकृत सार्वजनिक खर्चको मापदण्ड अनुरुप गर्ने व्यवस्था मिलाउनु हुनेछ। तालिम सञ्चालनको लागि छुट्टै निकाय स्थापना भएको हकमा त्यस्ता निकायबाट सञ्चालन हुने तालिम तथा कार्यक्रम मन्त्रालय/ निकायबाट सञ्चालन गर्नुहुने छैन। संघ सशर्ततर्फका त्यस्ता कार्यक्रमलाई पहिलो प्राथमिकता दिई कार्यान्वयन गर्नुहुनेछ।

१०. श्रोतमा परेको चापलाई मध्यनजर गरी तालीम, गोष्ठी, सेमीनार जस्ता कार्यक्रमहरू सरकारी वा सार्वजनिक निकायमा रहेका सभाहल वा तालिम केन्द्रमा सञ्चालन गर्न प्राथमिकता दिनुहुनेछ।

११. बजेट विनियोजन भई खर्च गर्ने निकायले कुनै आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भई सकेपछि बचत हुने रकमको पुनः ठेक्का लगाउन पाइने छैन।

१२. निर्माण व्यवसायीसँग खरिद सम्झौता गरी कार्यान्वयन हुने निर्माण कार्यहरू खरिद सम्झौता अनुसार काम भए/ नभएको विषयमा अन्तर निकायको सहभागितामा अनुगमन गरी समयमा कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउनु हुनेछ। समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीहरुलाई प्रचलित कानून बमोजिम कारवाही गर्नुहुनेछ।

१३. विनियोजित बजेटभन्दा बढी रकमको र अर्को आर्थिक वर्षमा दायित्व पर्ने गरी खरिद कार्य गर्नुपर्ने भएमा खरिद कार्य शुरु गर्नु पूर्व यस मन्त्रालयको अनिवार्य रुपमा सहमति लिनुपर्नेछ।

१४. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमा सञ्चालन हुने आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि द्विविधा उत्पन्न भएमा यस मन्त्रालय र सम्बन्धित संघीय मन्त्रालयसँग समन्वय गर्नुहुनेछ।

१५. आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति विना कुनै प्रकारको नयाँ दरबन्दी सिर्जना हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण नगर्ने, नयाँ संगठन स्थापना नगर्ने र दरबन्दी भन्दा बढी कर्मचारी कुनै पनि निकायमा नखटाउने व्यवस्था मिलाउनु हुनेछ।

१६. बेरुजु फछ्र्यौट कार्यलाई प्राथमिकतामा राखी स्थायी दरबन्दी भित्रका जनशक्तिबाट बेरुजु फछ्र्यौट कार्य सम्पन्न गराउनुहुनेछ।

१७. बजेट तथा कार्यक्रम कार्यान्वयनको सन्दर्भमा आगामी फाल्गुण मसान्तसम्म पनि सन्तोषजनक रुपमा कार्यान्वयन नभएको वा कार्यान्वयन हुन नसक्ने आयोजना/कार्यक्रमहरुको पहिचान गरी सो अवधिसम्म खर्च नभएको वा खर्च हुन नसक्ने आयोजना/कार्यक्रमहरुको बजेट चैत्र १५ गते भित्र अनिवार्य रुपमा बजेट समर्पण गर्नुहुनेछ।

१८. स्थानीय तहहरुलाई निकासा गरिने वित्तीय हस्तान्तरण सम्बन्धी मार्गदर्शन पछि प्राप्त हुनेछ।

(घ) <u>बजेट खर्च, रकमान्तर, संशोधन तथा प्रतिवेदनः</u>

१. प्रदेश विनियोजन ऐन, २०८१ को दफा ५ को उपदफा (६) अनुसार प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लेखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी सशर्त, समपूरक र विशेष अनुदान बाहेक सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले कार्यक्रम संशोधन तथा रकमान्तर गर्नुहुनेछ।

२. पुँजीगत खर्च शीर्षकतर्फ विनियोजित रकम चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्नु हुने छैन।

३. बहुवर्षीय आयोजना वा कार्यक्रममा विनियोजन भएको रकम अन्य बहुवर्षीय आयोजनामा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।

सचिव

४. पुंजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न सकिने छैन।

५. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ र प्रदेश विनियोजन ऐन, २०८१ को सीमाभित्र गरिएको रकमान्तर यस मन्त्रालयलाई जानकारी दिई PLMBIS मा प्रविष्टी गरी स्वीकृत गराउनु पर्नेछ। अति आवश्यक भएमा बाहेक रकमान्तर गर्नु नपर्ने गरी स्रोत व्यवस्थापन गर्नुहुनेछ।

६. कुनै आयोजनामा विनियोजन भएको बजेटभन्दा बढी खर्च गर्नुपर्ने भएमा प्रदेश विनियोजन ऐन, २०८१ को परिधिभित्र रही रकमान्तर स्वीकृत भएपछि मात्र कार्यक्रम/आयोजना कार्यान्वयन गर्नुहुनेछ। भुक्तानीका बखत रकमान्तर प्रस्ताव गर्नुहुने छैन।

७. पदाधिकारी र कर्मचारीको पारिश्रमिक, तलब, भत्ता, पोशाक, पानी तथा बिजुली एवम् सञ्चार महसुलमा आगामी आर्थिक वर्षमा दायित्व नसर्ने गरी र जरिवाना तिर्नु नपर्ने गरी खर्च व्यवस्थापन गर्नुहुनेछ। यस्ता खर्च शीर्षकबाट यस मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्न सकिने छैन।

८. स्वीकृत दरबन्दी र बजेटको परिधिभित्र रहेर मात्र सेवा करार व्यवस्थापन गर्नुहुनेछ।

९. नियमानुसारको कर कट्टी गरी भुक्तानी गर्नुपर्ने विषयमा भुक्तानी गर्दा अनिवार्य रूपमा अग्रिम कर कट्टी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१०. कृषि, मेला एवम् प्रदर्शनी जस्ता आयोजना सञ्चालनका लागि अनुदान दिँदा अनिवार्य रूपमा राजस्व सङ्कलन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

११. मागमा आधारित आयोजनाहरु DPR पश्चात कार्यान्वयन गर्ने भनी विनियोजन भएकोमा DPR सम्पन्न भई कुनै आयोजना कार्यान्वयन गर्नुपर्ने भएमा यस मन्त्रालयको सहमति लिइ PLMBIS मा प्रविष्टी गराएर मात्र कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१२. मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई संशोधन गर्नुपर्नेछ। तर, स्वीकृत आयोजना तथा कार्यक्रम अन्तर्गतको एउटै खर्च शीर्षकभित्रको क्रियाकलाप संशोधन गर्नुपर्ने भएमा स्रोतमा परिवर्तन नहुने गरी आवश्यकता र औचित्यका आधारमा संवत् २०८१ साल पौष मसान्तभित्र सम्बन्धित लेखा उत्तरदायी अधिकृतले संशोधन गर्न सक्नेछ।

१३. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रमको नाम, ठेगाना जस्ता विषयमा सामान्य संशोधन गर्नुपर्ने भएमा सो कार्यक्रमको उद्देश्य, मर्म र क्षेत्र परिवर्तन नहुने गरी सम्बन्धित स्थानीय तहको सिफारिस र सो क्षेत्रका निर्वाचित प्रदेश सभा सदस्यको सिफारिसमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई पौष मसान्तभित्र संशोधन गरि सक्नुपर्नेछ।

१४. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम वा आयोजना दोहोरो विनियोजन भएको पाइएमा बढी रकम विनियोजन भएको एउटा मात्र कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नुहुनेछ। एक भन्दा बढी निकायमा रकम विनियोजन भएको भए त्यस्ता सञ्चालन गर्ने कार्यक्रम वा आयोजना आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकिदिनेछ।

१५. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रमको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा त्रैमासिक रूपमा प्राप्त हुने हुँदा खर्चको विवरण मासिक रूपमा र प्रगति प्रतिवेदन त्रैमासिक रूपमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय र यस मन्त्रालयमा पठाउनु हुनेछ।

सचिव

१६. संघीय सशर्त, समपुरक र विशेष अनुदान अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमको भौतिक र वित्तीय प्रगति विवरण सम्बन्धित आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले सम्बन्धित संघीय मन्त्रालय/निकायमा त्रैमासिक रुपमा पठाउनु हुनेछ। संघीय सशर्त, समपुरक र विशेष अनुदानतर्फका कार्यक्रमलाई विशेष प्राथमिकता दिई कार्यान्वयन गर्नुहुनेछ।

१७. नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत वैदेशिक स्रोत समावेश भएका कुनै आयोजना वा कार्यक्रम प्रदेशले कार्यान्वयन गर्ने गरी वित्तीय हस्तान्तरणमार्फत प्राप्त भएमा त्यस्तो आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निकायले बजेटको स्रोत र भुक्तानी विधि सम्झौतामा निर्दिष्ट गरेको ढाँचामा तोकिएको समयभित्र तयार गरी प्रदेश सरकारको सम्बन्धित मन्त्रालयमार्फत नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सोधभर्ना माग गर्ने निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा प्रतिवेदन पेश गर्नुहुनेछ।

१८. भुक्तानी प्रणालीलाई सहज र व्यवस्थित बनाई सरकारी कोषको प्रभावकारी उपयोगका लागि मासिक नगद प्रवाह योजना तर्जुमा गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ। नगद प्रवाहलाई व्यवस्थित गर्न एउटा पार्टी/फर्मलाई एक महिनामा रु. १० करोडभन्दा बढीको भुक्तानी दिनुपर्ने भएमा १५ दिन अगावै आर्थिक मामिला तथा योजना मन्त्रालयलाई जानकारी गराउनु हुनेछ।

(ङ) <u>वित्तीय पारदर्शिता र जवाफदेहिता:</u>

१. बजेटमा समावेश आ-आफ्ना मन्त्रालय/ निकायका बजेट तथा कार्यक्रम र कार्यान्वयन कार्ययोजनासहितको मन्त्रालयगत/निकायगत कार्यक्रम पुस्तिका तयार गरी आफ्नो मन्त्रालय/निकायको वेभसाइटमा राख्ने एवम् आफ्ना सबै कर्मचारी, सेवाग्राही र सञ्चार माध्यमलाई उपलब्ध गराउनु हुनेछ।

२. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी तोकीएको ढाँचामा आयोजना तथा कार्यक्रमहरुको मासिक प्रगति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र सबै आयोजना तथा कार्यक्रमहरुको त्रैमासिक रुपमा प्रदेश योजना आयोग र यस मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

३. प्रदेश सरकारबाट स्वीकृत सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को कडाईका साथ पालना गर्नुहुनेछ।

४. आयोजना प्रमुखको कार्य सम्पादन मूल्याङ्कनलाई आयोजना वा कार्यालयको कार्य सम्पादन, प्रगति र बेरुजु फछ्र्यौटसँग आबद्ध गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(च) <u>आर्थिक मितव्ययिता एवम् चालु खर्चमा नियन्त्रण:</u>

१. आर्थिक वर्ष २०८१/८२ मा चालु खर्चलाई निश्चित सीमाभित्र कायम राख्ने र आर्थिक मितव्ययिता कायम गर्न देहाय बमोजिम गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ:-

- कार्यालय सहयोगी एवम् सवारी चालक जस्ता पदहरूमा अति आवश्यक नभई पदपूर्ति नगर्ने वा सेवा करारमा लिने कार्य गर्नुहुने छैन। साथै, एकै व्यक्तिले एकभन्दा बढि काम गर्ने (जस्तै:

सचिव

☏ ०८२-५९०४३७

लुम्बिनी प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

सवारी चालक कार्यालय सहयोगी एवम् निजी सहायक) बहुसीपयुक्त जनशक्ति सेवा करारमा लिने र त्यस्ता जनशक्तिबाट कार्यालय समय भरि नै सेवा लिने व्यवस्था मिलाउने,

- मन्त्रालय/निकायले आफ्नो नियमित कार्य जिम्मेवारी अन्तर्गतको कार्यसम्पादन गर्दा बैठक भत्ता एवम् अतिरिक्त समय भत्ता प्रदान गर्नुहुने छैन। एकै समयमा बैठक भत्ता र अतिरिक्त समय भत्तामध्ये दुवै सुविधा उपलब्ध नगराउने,
- स्वीकृत बजेट र कार्यक्रममा समावेश भएको बाहेक आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा प्रदेश सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्वसहमति लिएर गर्नुपर्नेछ,

अन्त्यमा, प्रस्तुत आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा सहकारीज्यूको सिर्जनात्मक, कुशल व्यवस्थापन, एवम् नेतृत्वदायी भूमिकाको अपेक्षा गरिएको छ। आर्थिक वर्ष २०८१/८२ को बजेटसँग सम्बन्धित प्रकाशन यस मन्त्रालयको वेभसाइट moeap.lumbini.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

.......................
(राम बहादुर के.सी.)
सचिव

श्री सचिव,
सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय, लुम्बिनी प्रदेश।

<u>संलग्न</u>
प्रदेश विनियोजन ऐन, २०८१ - थान १

<u>बोधार्थः</u>

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौं।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, राप्ती उपत्यका (देउखुरी), नेपाल।
श्री प्रदेश लेखा इकाई कार्यालय (सबै), लुम्बिनी प्रदेश।
श्री सबै महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपाल।